# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि-२०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# प्रस्तावना

खोटेहाङ गाउँपालिकाका कृषि उद्यमी तथा कृषि उद्यमलाई व्यवसायिकतातर्फ अगाडि बढाउन प्रयत्नरत कृषक समूह र कृषि सहकारीहरुलाई निश्चित अनुदानको माध्यमबाट आधुनिक कृषि औजारहरु उपलब्ध गराई कृषिलाई आधुनिकीकरण गर्दै खोटेहाङ गाउँपालिकाका आम कृषकहरुको आर्थिक, सामाजिक जीवनमा रुपान्तरण ल्याउन र खेती पद्दतिलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले खोटेहाङ गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधिको नाम **कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि-२०७७** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २) परिभाषाः

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँकार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ४ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"समूह/सहकारी"** भन्नाले खोटेहाङ गाउँपालिकामा दर्ता तथा नविकरण भएका कृषि समूह तथा सहकारीलाई बुझ्नु पर्दछ ।

(ज) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

(झ) **"कृषि यन्त्र"** भन्नाले कृषि कर्मलाई सहज र छिटो बनाउनु प्रयोग गरिने आधुनिक कृषि औजारहरुलाई बुझ्नु पर्दछ ।

खोटेहाङ गाउँपालिकाको कार्यालय

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# परिच्छेद-२

## प्रस्ताव आह्वान र मुल्याङकन सम्बन्धि व्यवस्था

### ३) प्रस्ताव आह्वान

(क) यस कार्यविधि बमोजिम आधुनिक कृषि यन्त्रहरु कृषकहरुलाई अनुदानमा उपलब्ध गराउन गाउँपालिकाको कृषि तथा पशु विकास शाखाले तोकिएको ढाँचामा इच्छुक कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर प्रस्ताव आह्वान गर्नु पर्ने छ। यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ।

(ख) यस कार्यविधि अनुरुप आधुनिक कृषि यन्त्रहरुमा अनुदान माग गर्न चाहने कृषि उद्यमी/समूह/सहकारी संस्थाहरुले तोकिएको मिति भित्र आफूलाई चाहिएको कृषि यन्त्रको विवरण सहित अनुसूचि १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ।

(ग) उद्यमी/समूह/सहकारी संस्थाहरुले सम्बन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, व्यवसाय दर्ता/नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, अरु कुनै निकायबाट तीन वर्ष यता कृषिका आधुनिक यन्त्रहरु अनुदानमा नलिएको स्वः घोषणा समेत संलग्न गरी सम्बन्धित शाखामा निवेदन दिनु पर्ने छ।

माथि जेसुकै लेखिएको भए पनि कृषि उद्यम/समूह/सहकारी दर्ता नभएको अवस्थामा दुई वा दुई भन्दा बढी कृषकहरु मिलेर सामूहिक रुपमा कृषि यन्त्र अनुदानको लागि निवेदन दिन सक्ने छन्। यसरी निवेदन दिंदा सम्बन्धित कृषकहरुको नागरिकताको प्रतिलिपि, ५० रोपनीभन्दा ज्यादा जमिन खुल्ने जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि र तीन वर्ष यता अन्य कुनै निकायबाट कृषि यन्त्रमा अनुदान नलिएको स्वः घोषणा संलग्न गरी सम्बन्धित निकायमा निवेदन दिनु पर्ने छ।

### ४) प्रस्ताव मूल्याङ्कन समिति

१) यस कार्यविधि बमोजिम कृषि यान्त्रिकरण अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| क) खोटेहाङ गाउँपालिकाका उपाध्यक्ष | -संयोजक |
| ख) कृषि विकास समितिका संयोजक | -सदस्य |
| ग) गाउँ कार्यपालिकाले तोकेको एक वडाध्यक्ष | -सदस्य |
| घ) कृषि विकास समितिले तोकेको एक सदस्य | -सदस्य |
| ग) कृषि शाखा प्रमुख | -सदस्य सचिव |

२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष
खोटेहाङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
हलेसीबजार, खोटाङ
२०७३

४) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले अनुसूचि-२ बमोजिमका मूल्याङ्कनका आधारहरु अनुसार गर्नु पर्ने छ ।

५) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी कमश: बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्ने छ ।

६) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्दा आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन लिन सक्दछ ।

# परिच्छेद-३

## कृषि यन्त्र अनुदान हस्तान्तरण सम्बन्धि प्रक्रिया एवं सर्तहरु

### ५) यान्त्रिकरण अनुदान हस्तान्तरणमा प्राथमिकता दिइने

१) यान्त्रिकरण अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका कृषक/समूह/सहकारीलाई प्राथमिता दिइने छ

- निजी फर्म,/कृषक समूह/कृषि सहकारी दर्ता गरी सञ्चालन गरिहेको ।
- कृषि सम्बन्धि तालिम प्राप्त गरी व्यवसायिक कृषि गरिरहेको ।
- आधुनिक कृषि औजार सञ्चालन तथा मर्मत सम्बन्धि तालिम प्राप्त गरेको ।
- बाँझो जमिनलाई उपयोग गरि खाध्यान्न, तरकारी तथा मसलाबाली व्यसायिकरुपमा लगाइरहेको ।
- वैदेशिक रोजगारबाट फर्केर व्यसायिकरुपमा खाध्यान्न, तरकारी तथा मसलाबाली लगाइरहेको ।
- खाध्यान्न बालीको हकमा कम्तीमा ५० रोपनी, तरकारी र मसलाबालीको हकमा कम्तीमा ५ रोपनी व्यवसायिक खेती गरिरहेका समूह/सहकारी/उद्यमी/कृषक

### ६) यान्त्रिकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया

क) यस कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट हरेक आर्थिक वर्षमा विनियोजन हुने रकमको परिधि भित्र रही तथा यस कार्यक्रमको लागि प्राप्त प्रस्तावहरुको आधारमा कृषकहरुको क्षमता र कार्यक्रम सञ्चालन भएपछि हुने उपलब्धीहरुलाई ध्यानमा राखी मूल्याङ्कन समितिले सिफारिस गरे बमोजिमको यान्त्रिकरण अनुदान प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानूनको अधिनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको कृषक/कृषि उद्यमी/समूह/सहकारीसँग सम्झौता गरी यान्त्रिकरण अनुदान हस्तान्तरण गरिने छ ।

ख) कृषकहरुको अवस्था, आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको ५० देखि ७५% सम्म अनुदान उपलब्ध गराईने छ ।

ग) दलित, अल्पसङ्ख्यक, अपाङ्ग, ६० वर्षभन्दा कम उमेरकी एकल महिला तथा अति विपन्न भएको घर परिवारलाई लागत अनुमानको ७५% अनुदान उपलब्ध गराईने छ ।

घ) अन्य कृषक, व्यवसायिक कृषि फर्म वा कृषि सहकारीको हकमा लागत अनुमानको ५०% सम्म अनुदान उपलब्ध गराईने छ ।

गाउँ कार्यपालिकाको कार्यालय
हाँटाङबजार, चाडाङ
२०७२



प्रदीप राई
गाउँपालिका अध्यक्ष

ङ) अनुदान कार्यक्रमको लागि छनौट भएका कृषक/कृषि उद्यमी/समूह/सहकारीबाट सम्झौता हुनु पूर्व जम्मा गर्नु पर्ने लागत सहभागिता वापतको रकम गाउँपालिकाको खातामा नगदै जम्मा गरी भौचर पेश गर्नु पर्ने छ ।

च) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने प्रविधिको आपूर्ति र वितरण सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिने छ ।

## ७) यान्त्रिकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने कृषि औजार तथा उपकरणहरु

| क्र.सं | कृषि औजार तथा उपकरणको नाम | सामग्रीको क्षमता | गाउँपालिकाबाट दिइने अनुदान रकम (अधिकतम) | कृषक/समूह/सहकारीको लागत सहभागिता |
|---|---|---|---|---|
| १ | मिनी टिलर | ९ एच.पी. सम्म | ५०% देखि ७५% | २५% देखि ५०% |
| २ | मल्टीकप थ्रेसर | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ३ | ब्रस कटर | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ४ | विद्युतीय चाफ कटर | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ५ | मेज प्लान्टर (मकै रोप्ने) | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ६ | पावर स्प्रेयर | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ७ | पि.एच. मिटर | | ५०% देखि ७५% | २५% देखि ५०% |
| ८ | कर्न सेलर | | ५०% देखि ७५% | २५% देखि ५०% |

## ८) अनुदान हस्तान्तरणका सर्तहरु

(क) कृषकहरुले अनुदानमा प्राप्त यन्त्र उपकरणहरुको उचित सदुपयोग गर्नु पर्ने छ ।

(ख) कृषकहरुले अनुदान प्राप्त यन्त्र उपकरणहरुको मर्मत सम्भार गर्नु पर्ने छ । यदि बिग्रेको खण्डमा आफैले खर्चगरी मर्मत सम्भार गरी प्रयोगमा ल्याउनु पर्ने छ ।

(ग) कृषि यन्त्र उपकरण अनुदानमा हस्तान्तरण गरिएको कृषक वा समूहलाई सोही प्रकृतिको यन्त्र उपकरण ३ वर्षसम्म पुन: अनुदानमा उपलब्ध गराईने छैन ।

(घ) अनुदान प्राप्त गरेको मितीले ५ वर्षसम्मं अरुलाई हस्तान्तरण गर्न पाईने छैन । यदि यदि ५ वर्ष अगाडि अरुलाई बिक्री वितरण गरेमा वा सम्झौता अनुसार उपयोग नगरेमा सम्बन्धित कृषकलाई अनुदान वापतको रकम अशुल उपर गरी प्रचलित कानून अनुसार कार्वाही गरिने छ । साथै अनुदान लगायतका कार्यक्रमहरुबाट निजलाई बञ्चित गरिने छ ।

(ङ) अनुदानमा प्राप्त कृषि यन्त्र उपकरणहरु सम्बन्धित कृषकले आफ्नो बाहेक अन्य कृषकहरुको कामको लागि प्रचलित ज्याला लिएर उपयोग गर्न यो कार्यविधिले रोक्ने छैन ।

(च) यान्त्रिकरण अनुदान अनुसुची-३ को ढाँचामा सम्झौता गराई हस्तान्तरण गर्नु पर्ने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३



प्रदीप राई
गाउँपालिका अध्यक्ष

## परिच्छेद ४

### ९) अनुगमन, निरिक्षण तथा मुल्याङकन सम्बन्धि व्यवस्था

यस कार्यविधि अनुसार उपलब्ध गराईने यान्त्रिकरण अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

## परिच्छेद-५

## विविध व्यवस्था

### १०) बाधा अडकाउ फुकाउने अधिकार

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

### ११) प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

### १२) कार्यविधि संशोधन

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-१

(कार्यविधिको बुँदा नं ३ (२) सँग सम्बन्धित

यान्त्रिकरण अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति..................

**श्रीमान् प्रमुख**
**कृषि/पशु विकास शाखा, खोटेहाङ गाउँपालिका, खोटाङ**
**विषयः कृषि यान्त्रिकरण अनुदान उपलब्ध गराई दिन हुन ।**

मेरो/हाम्रो नाममा......................कार्यालयमा दर्ता भएको दर्ता नं........................को ........................कृषि फर्म/समूह/सहकारीलाई कृषि व्यवसाय प्रर्वद्धन गर्न तथा कृषिलाई आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि निम्न बमोजिमको मेसिन/औजार/उपकरण उपलब्ध गराई दिन हुन निवेदन दस्तुर वापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको विवरण

१) कृषक/फर्म/समुह/सहकारीको नामः
२) कृषक/फर्म/समुह/सहकारीको ठेगाना :
३) फर्म/समुह/सहकारीको दर्ता नं र मितिः
४) समुह/सहकारीमा आवद्ध सदस्य संख्याः
५) व्यक्तिगत व्यवसायको हकमा लगानी भएको पूँजी
क) स्थीर पूँजी : ख) चाजु पूँजीः
६) समूह/सहकारीको हकमा पूँजीगत विवरण
क) हालसम्म संकलन भएको समूह हित कोष...........
ख) ऋण लगानी गरिएको जम्मा रकम.................
७) व्यक्तिगत व्यवसाय/फर्मबाट हुने वार्षिक आम्दानी रु :
८) समूह/सहकारीको हकमा सम्पूर्ण सदस्यहरुको वार्षिक आम्दानी रु :
९) माग गरिएको मेसिन/औजार/उपकरणको नामः

**संलग्न कागजातहरु**

१) व्यवसाय/समूह/सहकारी दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि
२) पान नंको प्रतिलिपि
३) करचुक्ताको प्रतिलिपि
४) दुई वा दुईभन्दा बढी कृषकको हकमा निजहरुको नागरिक्ताको प्रतिलिपि
५) समूह/सहकारीको हकमा बैठकको निर्णय
६) सेवा लिने कृषकहरुको कम्तीमा ५० रोपनी जमिन भएको प्रमाणित जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि
७) अनुभव वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि
८) सम्बन्धित वडाको सिफारिस
९) सम्बन्धित कृषक/कृषि उद्यमी/समूह/सहकारीले तीन वर्ष अगाडि देखि हालसम्म माग गरिएको कृषि उपकरण अन्य कुनै निकायबाट अनुदानमा प्राप्त नगरेको स्वः घोषणा
१०) व्यवसायिक कार्य योजना

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

**निवेदक**
नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नंः
संस्थाको छापः

# अनुसूची-२

कार्यविधिको बुदाँ नं ४ (४) सँग सम्बन्धित

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

### कृषि फार्मको हकमा

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | कृषि तथा भेटेनरी अध्ययन गरेर सम्बन्धित निकायमा दर्ता गरी व्यवसाय सञ्चालन गरेको कृषि फार्म | २० |
| २ | मान्यता प्राप्त निकायबाट कम्तीमा १० दिनको कृषि तथा भेटेनरी सम्बन्धि तालिम लिई सम्बन्धित निकायमा दर्ता गरेर सञ्चालन गरेका कृषि फार्म | १५ |
| ३ | १० दिनभन्दा कम वा तालिम नै नलिई सम्बन्धित निकायमा दर्ता गरी कृषि फार्म सञ्चालन गरिरहेको हकमा | १० |
| ४ | महिला, दलित, लोपउन्मुख र गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत व्यक्तिले सम्बन्धित निकायमा दर्ता गरी सञ्चालन गरिरहेको कृषि फर्म | २० |
| ५ | कृषि तथा पशुजन्य व्यवसाय सञ्चालन गर्दा परिवारको सदस्य बाहेक अन्यलाई पनि रोजगारी दिइरहेको भए | २० |
| ६ | व्यवसायिक कार्य योजना | १५ |

### कृषक समूहको हकमा

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | नियमित बैठक बस्ने र नियमित समूह हितकोष संकलन तथा परिचालन गर्ने समूह | २० |
| २ | आवद्ध सदस्यहरुले एकै प्रकारको वा चाक्लाबन्दी गरी खेती गरिरहको समूह | २० |
| ३ | आवद्ध सदस्यहरुको लागि समय समयमा तालिम, अध्ययन भ्रमण आदिको व्यवस्था गरिरहेको समूह | २० |
| ४ | महिला, दलित, लोपउन्मुख र गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत ५०% भन्दा ज्यादा व्यक्तिहरु सदस्य रहेको समूह | २० |
| ५ | व्यवसायिक कार्ययोजना | २० |

गाउँ कार्यपालिकाको कार्यालय, थाँटाङबजार, थाँटाङ

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## कृषि सहकारीको हकमा

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | कृषि उपजको उत्पादनसँगै आफ्ना शेयर सदस्यहरुलाई सरल कर्जा र उत्पादित वस्तुको बजारीकरणमा समेत काम गरिरहेका समूह/सहकारी | २० |
| २ | आवद्ध सदस्यहरुले एकै प्रकारको वा चाक्लाबन्दी गरी खेती गरिरहको समूह | २० |
| ३ | आवद्ध सदस्यहरुको लागि समय समयमा तालिम, अध्ययन भ्रमण आदिको व्यवस्था गरिरहेको समूह | २० |
| ४ | महिला, दलित, लोपउन्मुख र गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत ५०% भन्दा ज्यादा व्यक्तिहरु सदस्य रहेको समूह | २० |
| ५ | व्यवसायिक कार्ययोजना | २० |

## दुई वा दुईभन्दा बढी संलग्न भई निवेदन दिने कृषकहरुको हकमा

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत भएको भए | ४० |
| २ | निवेदकहरु मध्ये कसैले मान्यता प्राप्त निकायबाट १० दिनभन्दा बढी कृषि तथा पशु सम्बन्धि तालिम लिएको भए | २० |
| ३ | निवेदकहरुले एकै प्रकारको वा चाक्लाबन्दी गरि खेती गरिरहेको भए | २० |
| ४ | व्यवसायिक कार्ययोजना | २० |

## पुनश्चः

१) माथि उल्लेखित आधारमा मुल्याङ्कन गर्दा कम्तीमा ५० अङ्क प्राप्त गर्ने कृषक/उद्यमी/समूह/सहकारीलाई मात्र छनौट गर्नु पर्ने छ।

२) कृषि फर्म/समूह/सहकारीको हकमा व्यवसाय दर्ता/नविकरण, पान दर्ता, करचुक्ता प्रमाण पत्र, व्यवसायिक कार्ययोजना पेश नगर्ने फर्म/समूह/सहकारीलाई मुल्याङ्नमा सहभागी गराईने छैन।

खोटाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-३

(कार्यविधिको बुदाँ नं ८ (च) सँग सम्बन्धित

## कृषक/कृषि फार्म/समूह/सहकारीलाई कृषि यान्त्रिकरण अनुदान हस्तान्तरणको सम्झौता

लिखित् खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका..........नं वडा........................टोल बस्ने म श्री............................................................ले यस गाउँपालिकाबाट मिति..................................मा प्रकाशित.....................................................................................................शिर्षकको सूचना बमोजिम ..........................................................कृषि फार्म/समूह/सहकारीको तर्फबाट आवश्यक पर्ने कृषि यान्त्रिकरण अनुदान माग गरेको छु । मैले यस कार्यविधिलाई राम्ररी बुझेको छु । प्राप्त गरेको कृषि यान्त्रिकरणलाई कृषि व्यवसायमा उपयोग गर्ने र बिग्रेको खण्डमा आफ्नै खर्चमा मर्मत सम्भार गर्ने छु । प्राप्त उपकरण आजका मितिले ५ वर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हस्तान्तरण गर्ने छैन । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा गाउँपालिकाबाट अनुदान स्वरुप प्राप्त गरेको रकम फिर्ता गर्नुका साथै भविष्यमा गाउँपालिकाद्वारा प्रदान गरिने कुनै पनि अनुदानको लागि अयोग्य हुन मञ्जुर भई यस सम्झौतामा सहीछाप गरिदिएँ ।

### प्राप्त गरेको उपकरणको विवरण

| सि. नं | उपकरणको नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**गाउँपालिकाको तर्फबाट**

दस्तदत

कर्मचारीको नाम

पदः

मितिः

छापः

**रोहवर**

दस्तखत

अध्यक्ष/उपाध्यक्षको नाम

पदः

मितिः

**कृषक/समूह/सहकारीको तर्फबाट**

दस्तखत

कृषकको नामः

पदः

मितिः

छापः

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल पौष १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

(प्रदिप राई)

अध्यक्ष

प्रदीप राई
गाउँपालिका अध्यक्ष

मिति :- २०७७/०९/१६